लुम्बिनी प्रदेश सरकार
उद्योग पर्यटन तथा यातायात मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# घरेलु तथा साना उद्योग कार्यालय

दाङ

☎ ०८२-५६०००४
☎ ०८२-५६३३६९

सूचना! सूचना !! सूचना!!!

## उत्कृष्ट उद्यमी सम्मान सम्बन्धी सूचना ।

प्रथम पटक सूचना प्रकाशन मितिः २०८२/०९/२९

यस कार्यालयको चालु आ.व. २०८२/०८३ को स्विकृत बार्षिक कार्यक्रम अनुसार उद्यमशीलताको माध्यमबाट आर्थिक सशक्तीकरणमा योगदान पुर्‍याएका उद्यमीहरुलाई आफ्नो कार्यक्षेत्रमा सफल, प्रतिष्पर्धी, योग्य र उर्जावानका साथै उद्यमी तथा श्रमिकको योगदान प्रति आत्म गौरवको अनुभुति दिलाउने उद्देश्यले यस जिल्लाभित्र उद्योग दर्ता गरी संचालन गरिरहेका उद्यमीहरुलाई "वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२" बमोजिम सम्मान गर्ने कार्यक्रम रहेकाले तपसिल बमोजिमका योग्यता पुगेका उत्कृष्ट उद्यमी सम्मान प्राप्त गर्न चाहाने ईच्छुक उद्यमीहरुले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र आवश्यक कागजातहरु सहित यस कार्यालयमा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ।

**तपसिलः**

१. लुम्बिनी प्रदेशमा स्थायी रुपमा बसोबास भई यस जिल्लामा उद्यम गरिरहेको नेपाली नागरिक,
२. उद्यमी स्वयं आफै संचालक भई व्यवसाय दर्ता र संचालन गरेको,
३. विगत दुई वर्षदेखि निरन्तर रुपमा उद्यम गरिरहेको,
४. नियमित रुपमा सरकारलाई तिर्नुपर्ने कर बुझाएको र आफ्नो व्यवसायको लेखापरीक्षण गरेको,
५. पछिल्लो तीन वर्षमा कुनैपनि सरकारी निकायबाट उद्यमीको पुरस्कार तथा सम्मान प्राप्त नगरेको।

**आवश्यक कागजातहरुः**

- अनुसूची-१० बमोजिमको आवेदन,
- नागरिकता प्रमाण-पत्रको प्रतिलिपि,
- उद्योग दर्ता/नविकरण प्रमाण-पत्रको प्रतिलिपि,
- PAN/VAT दर्ता प्रमाण-पत्रको प्रतिलिपि,
- पछिल्लो वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि,
- लक्षित वर्ग समूह खुल्ने निस्सा,
- पछिल्लो तीन वर्षमा कुनैपनि सरकारी निकायबाट उद्यमीको पुरस्कार तथा सम्मान प्राप्त नगरेको स्वघोषणापत्र ।

**पूनश्चः**

- म्याद नाघी वा रितपूर्वक पेश नभएका निवेदनहरु स्वत रद्द हुनेछ।
- अनुसूची-१० बमोजिमको आवेदन ढाँचा यस कार्यालयको वेबसाइटः csiodang.lumbini.gov.np मा राखिएको छ।
- थप जानकारीका लागि यस कार्यालय वा कार्यालयको फोन नं. ०८२-५६०००४ वा मोबाइल नं. ९८५७८६०४०४ मा सम्पर्क गर्नुहोला ।

०८२/०९/२९
सुदर्शन शर्मा
नि. प्रमुख उद्योग अधिकृत

अनुसूची-१०

(दफा ३३ को उपदफा (२) (क) संग सम्बन्धित)

**पेश गर्नुपर्ने विवरणको ढाँचा**

१. उद्यमीको नाम र ठेगानाः ...........................................................................................

२. व्यवसाय/उद्यमशीलताको नामः ...........................................................................................

३. कार्य प्रकृतिः ...........................................................................................

४. व्यवसायको ठेगानाः दाङ जिल्ला ...........................................पालिका ........... वडा ..................... टोल

५. कार्यरत/व्यवसाय स्थापना मितिः .....................................................

६ सम्पर्क नं. : ...........................................

७. विगत दुई वर्षदेखि हालसम्म रोजगारी दिइएको श्रमिकको संख्या र नामावलीः
(श्रमिकको हाजिरी, नियुक्ति पत्र वा अन्य कुनै निस्सा भए पेश गर्ने)

...........................................................................................................................

८. उद्यमशीलतामा स्थानीय र बाह्य स्रोतसाधन प्रयोगको अवस्थाः
(स्थानीय र बाह्य स्रोतको विवरण बुँदागत रुपमा खुलाउने)

...........................................................................................................................

९.श्रमिकको सामाजिक सुरक्षा, व्यवसायजन्य सुरक्षा र स्वास्थ्य, कार्यास्थल सुरक्षा त था कार्यवातावरणका बारेमा खुलाउनेः
...........................................................................................................................

१०. लक्षित वर्ग समूह (भए खुलाउने): ...........................................................................................

११. उत्पादित वस्तु, सामाग्री तथा निर्माण गरिएका वस्तुहरुको भण्डारण, प्याकेजिङ र लेबलिङ सम्बन्धी विवरणः

...........................................................................................................................

१२. समग्र उद्यम व्यवस्थापनको गुणस्तरीयता, दक्षता र प्रभावकारिताः ...........................................................

१३. श्रम/व्यवसायले पारेको सामाजिक/आर्थिक प्रभावः

क) ...........................................................................................................................

ख) ...........................................................................................................................

१४. अन्य कुरा केही भए खुलाउने । ...........................................................................................

१५. संलग्न कागजातहरुको विवरणः

➢

आवेदकको

नामथरः .................................

दस्तखतः .................................

मितिः

व्यवसायको छाप